puspas.com.np

# पाठ ४

# थाङ्का

**शब्दार्थ**

थाङ्का : कागज, कपडा आदिमा अङ्कित बौद्ध धर्मसँग सम्बन्धित रङगिन चित्र विशेष, पौभा
अथाह : ज्यादै गहिरो, थाहा पाउन गारो पर्ने
सौन्दर्य : सुन्दरता, राम्रो बनाउने तत्त्व, सुन्दर हुनाको भाव
पर्यावरण : वातावरण
बहुजातीय : धेरै जाति भएको
बहुभाषिक : धेरै भाषा भएको
बहुधार्मिक : धेरै धर्म भएको
बहुसांस्कृतिक : धेरै संस्कृति भएको
पहिचांन : चिनाजानी, कुनै वस्तुको गुण, मूल्य आदिको चिनारी
समृद्ध : उन्नतिशील
पञ्चबुद्ध : भैरोचन, अक्षोभ्य, अमिताभ, रत्न सम्भव र अमोघ सिद्धि
महापरिनिर्माण : पूर्ण रूपमा प्राप्त हुने मोक्ष
बुद्ध दर्शन : बुद्धका विचार, ज्ञान, मान्यता आदि
समुदाय : खास वर्ग, क्षेत्र, रीति, संस्कृतिमा आबद्ध मानिसहरूको समूह
मनकामना : मनको चाहना, इच्छा
अनिष्ट : हानिकारक, खराब, इच्छा गरेभन्दा उल्टो
प्रविधि : वैज्ञानिक ढङ्गले काम गर्ने तरिका
कमेरो माटो : सेतो रङको एक प्रकारको माटो
माड : कुनै अन्न आदि पकाएर बनिएको लेदो, खोले
फ्रेम : तस्बिर, ऐना आदि राख्न बनाएको बार, चौघेरा
खाइबा : जान्ने मान्छे, विज्ञ
स्केच : चित्रको प्रारम्भिक रूपरेखा
ट्रेसिङ पेपर : चित्र उतार्ने पारदर्शी कागज
लेप : लिप्ने वा पोत्ने वस्तु, चन्दन
मौलिक : मुख्य, नवीन, अरूको आधार नलिएको
आस्था : भित्री दिलदेखिको सम्मान, विश्वास
प्रतीक : चिह्न, सङ्केत, चिनो
गुम्बा : बौद्ध लामाहरूको ध्यान उपासना केन्द्र
चिनो : सम्झनाका रूपमा रहने कुनै वस्तु
विश्वव्यापीकरण : संसारभरि फैलाउने प्रक्रिया, भूमण्डलीकरण
प्रतिस्पर्धा : होडबाजी, उछिनपाछिन
प्रवर्धन : बढाउने काम, सानोबाट ठुलो बनाउने
गन्तव्य : जानयोग्य वा पुग्नुपर्ने ठाउँ
आयातित : विदेशबाट ल्याइएको
अप्राप्य : पाउन नसकिने
विज्ञ : जान्ने, विद्वान्
क्षति : नाश
पेट्रोलियम पदार्थ : पेट्रोल, मटितेल, डिजेल आदि तैलीय इन्धन
व्यवसाय : जीवन निर्वाहका लागि गरिने काम, इलम, वृत्ति जीविका
वरदान : आशीर्वाद, वर

puspas.com.np

पेज ३३

## अभ्यास

### सुनाइ

१. **पाठको पहिलो अनुच्छेद सुन्नुहोस् र ठिक बेठिक छुट्याउनुहोस् :**

(क) नेपाल हिमाल, पहाड र तराई मधेस मिलेर बनेको छ ।

(ख) हिमालसँग जडीबुटी, खनिज, फलफुल र स्वस्थ पर्यावरण छ ।

(ग) तसर्इ मधेस अन्नको भण्डार हो ।

(घ) नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक देश होइन ।

(ङ) सगरमाथाको देश, गौतम बुद्धको देश, वीर वीरङ्गनाहरूको देश जस्तै विविधतामा एकता भएको देश हाम्रो पहिचान हो ।

(च) जहाँ विविधता हुन्छ, त्यहाँ अनेक सम्भावना हुँदैन ।

उत्तर: (क) ठिक

(ख) ठिक

(ग) ठिक

(घ) बेठिक

(ङ) ठिक

(च) बेठिक

२. **पाठको दोस्रो अनुच्छेद शिक्षकबाट सुन्नुहोस् र तलका प्रश्नको उत्तर दिनुहोस् :**

**(क) थाङ्काको अर्थ के हो ?**

उत्तर: थाङ्काको अर्थ कागज वा कपडामाथि अङ्कित बौद्ध धर्मसँग सम्बन्धित रङ्गिन चित्र हो ।

**(ख) थाङ्कामा मुख्य गरेर कुन-कुन देवी देवताको चित्र बनाइन्छ ?**

उत्तर: थाङ्कामा मुख्य गरेर बौद्ध धर्मका देवी देवताको चित्र बनाइन्छ ।

**(ग) थाङ्का कस्तो पाठ्यसामग्री पनि हो ?**

उत्तर: थाङ्का बुद्ध दर्शन सिक्ने र सिकाउने महत्त्वपूर्ण पाठ्यसामग्री पनि हो ।

**(घ) किन थाङ्कालाई घरमा राख्ने गरिन्छ ?**

उत्तर: घरमा राख्दा मनकामना पुरा हुने, भूतप्रेत, रोग, अनिष्ट आदिले वास नगर्ने र शान्ति कायम हुने जनविश्वास समाजमा रहेकाले थाङ्कालाई घरमा राख्ने गरिन्छ ।

३. **पाठको दसौँ अनुच्छेद सुन्नुहोस् र त्यसको सार भन्नुहोस् :**

उत्तर: थाङ्का बनाउने कच्चा पदार्थहरू सजिलै प्राप्त हुन्छन् । थाङ्का बनाउने विज्ञ र कामदारहरू स्वदेशमा उपलब्ध छन् र यसको निर्माण गर्दा वातावरणीय क्षति हुँदैन । यसको व्यवसाय गर्न र उत्पादनमा पनि कम मूल्य पर्छ । आस्थाको केन्द्र मानिएको यो थाङ्का सस्तोदेखि लाखौँ मूल्यका पनि हुन्छन् । बेरोजगारीको समस्या समाधान गर्ने र बुद्धको प्रचारप्रसार गर्ने गरी नेपालको इज्जत बढाउन यसले महत्त्वपूर्ण भूमिका खेल्न सक्ने देखिन्छ ।

### बोलाइ

४. **तलका शब्द शुद्धसँग उच्चारण गर्नुहोस् :**

**थाङ्का, अमिताभ, अमोघ, सिद्धि, वज्रसत्व, अवलोकितेश्वर, महापरिनिर्माण**

उत्तर: दिइएका शब्दहरू विद्यार्थीले शुद्धसँग उच्चारण गर्ने, उच्चारण गर्न नसके शिक्षकको सहयोग लिने ।

puspas.com.np



५. **तलका शब्दको अर्थ भन्नुहोस् :**

**अथाह, पर्यावरण, पहिचान, वीरङ्गना, बौद्धमार्गी, जीवन चक्र, बुद्ध दर्शन, गन्तव्य, नास्तिक, गरिमा**

**उत्तर:**

| | | |
|---|---|---|
| अथाह | : | ज्यादै गहिरो, थाहा पाउन गारो पर्ने । |
| पर्यावरण | : | वातावरण |
| पहिचान | : | चिनाजानी, कुनै वस्तुको गुण मूल्य आदिको चिनारी |
| वीरङ्गना | : | बहादुर स्त्री वा महिला |
| बौद्धमार्गी | : | बुद्धको धर्ममा हिँड्ने या बुद्ध धर्मका अनुयायी |
| जीवनचक्र | : | प्राणीको जन्मदेखि मत्यु पर्यन्तको मण्डल वा वृत्त |
| बुद्ध दर्शन | : | बुद्धका विचार, ज्ञान, मान्यता आदि |
| गन्तव्य | : | जानयोग्य वा पुग्नुपर्ने ठाउँ |
| नास्तिक | : | ईश्वर नमान्ने, ईश्वरमा विश्वास नगर्ने |
| गरिमा | : | गहकिलोपन, गुरुत्व, गुरुता |

६. **थाङ्का कलाको उत्कृष्ट रूप हो भन्ने विषयलाई आफ्ना तर्कद्वारा पुष्टि गर्नुहोस् ।**

**उत्तर:** विशेषत: बुद्ध धर्मावलम्बीहरूद्वारा कपडा वा कागजमाथि लेखिएको चित्रका रूपमा रहेको थाङ्का नेपाली कलाको उत्कृष्ट रूप हो । यसमा बौद्धधर्मका देवी देवताहरूको चित्र कलात्मक रूपमा उतार्ने काम गरिन्छ । यस कलाको निर्माणमा विभिन्न चरण पार गर्नुपर्ने हुन्छ । सर्वप्रथम खाइबाले सिसाकलमले चित्रको स्केच गरिसकेपछि त्यसलाई तलमाथि नपरोस् भन्ने उद्देश्यले ट्रेसिङ पेपरमा उतार्ने काम गरिन्छ । त्यसछि स्केच गरिएको चित्रमा आवश्यकताअनुसार रङ भर्ने काम हुन्छ । थाङ्कामा आवश्यकताअनुसार विभिन्न रङको प्रयोग गरिन्छ । देवी देवताअनुसार रङ भर्ने नियमलाई ख्याल गरी कलाकारले रङ भर्दछ । हरेक देवी देवताको अलगै आफ्नो रङ हुन्छ तर पृष्ठभूमिमा विभिन्न रङ भर्ने काम गरिन्छ र थाङ्कालाई आकर्षित तथा भव्य बनाइन्छ । यो विशुद्ध बुद्ध धर्मसँग सम्बधित भए पनि विज्ञ र विद्वान्हरूको अथक मिहिनेतले उत्कृष्ट थाङ्काहरू निर्माण गरिएका छन् । आज यो नेपाली चित्रकलाका क्षेत्रमा विशिष्ट स्थान लिन सफल भएको देखिन्छ ।

७. **थाङ्का लेख्ने कपडा कसरी तयार हुन्छ ? पाठको तेस्रो अनुच्छेदका आधारमा भन्नुहोस् ।**

**उत्तर:** थाङ्का लेख्ने कपडा तयार पार्न विभिन्न प्रविधिहरूको प्रयोग गर्नुपर्छ । यो तयार पार्न सर्वप्रथम सरेस बनाउनुपर्छ । सरेस भनेको जनावरको छाला पानीमा उमालेर बनाइएको चिल्लो अनि बाक्लो झोल पदार्थ हो । त्यसपछि सरेसमा कमेरो माटो हालेर पकाउनुपर्छ र एक प्रकारको गम जस्तो माड तयार पार्नुपर्छ । त्यस माडलाई फ्रेममा तन्काएको सेतो कटन वा सिल्क कपडा दलिन्छ र सुकाइन्छ । यसरी बनाइएको कपडालाई तन्काएर तीन चार पटकसम्म चिल्लो ढुङ्गा वा शङ्खले घोटेपछि थाङ्का लेख्ने कपडा तयार हुन्छ ।

**पढाइ**

८. **पाठका अनुच्छेदहरू पालैपालो पढ्नुहोस् र हरेक अनुच्छेद पढ्न कति समय लाग्यो, भन्नुहोस् ।**

**उत्तर:** शिक्षकको उपस्थितिमा यसको अभ्यास गराउने ।

puspas.com.np

**९. पाठको चौथो अनुच्छेद पढी थाङ्का कोर्ने कामका चरण र प्रक्रिया बताउनुहोस् ।**

**उत्तर:** थाङ्का कोर्ने काममा विभिन्न चरण र प्रक्रिया हुन्छन् । सर्वप्रथम खाइबाले सिसाकलमले चित्रको स्केच गर्छन् । स्केच गरिएको चित्रलाई तलमाथि नपरोस् भन्ने उद्देश्यले ट्रेसिङ पेपरमा उतार्ने काम गरिन्छ । त्यसपछि स्केच गरिएको चित्रमा रङ भर्ने काम हुन्छ । रङ भर्ने कामपछि चित्रलाई स्पष्ट देखिने गरी लाइन कोर्ने काम गरिन्छ । त्यसपछि पग्लिएको सुनको लेपलाई ब्रसको माध्यमबाट चित्रमा दलिन्छ सुकाइन्छ अनि सुन लगाउने काम सकिएपछि चित्रलाई टल्काइन्छ । अन्त्यमा चित्रमा रहेका देवी देवताका अङ्गहरू स्पष्ट रूपमा देखिने गरी काम गरिन्छ । यसरी थाङ्का तयारीको सम्पूर्ण प्रक्रिया पुरा हुन्छ ।

**१०. पाठको पाँचौं अनुच्छेद पढी थाङ्काका मुख्य देवताहरूका रङको सूची बनाउनुहोस् ।**

**उत्तर:**

| देवी देवताको नाम | रङको नाम |
|---|---|
| पञ्च अमिताभ | रातो |
| मेडिसियन | निलो |
| भैरोचन | सेतो |
| अमोघ सिद्धि | हरियो |
| शाक्यमुनि | पहेँलो |
| वज्रसत्त्व, अवलोकितेश्वर, सेतो तारा | सेतो |
| मञ्जुश्री र ज्याम्बला | पहेँलो |
| मैत्रेयी | निलो, हरियो |

**११. पाठको छैटौं, सातौं, र आठौं अनुच्छेद पढी प्रत्येकबाट मुख्य-मुख्य बुँदाहरू टिप्नुहोस्**

**उत्तर:** **छैटौं बाट-**

(क) थाङ्काको सुरुवात दसौं शताब्दीतिरबाट भएको,

(ख) तिब्बतसँग नेपालीहरूको व्यापारका साथै घर गृहस्थी गर्ने चलन रहेको,

(ग) नेपाल र तिब्बतमा त्यसबेला कपडामा लेखिएका देवी देवताको पूजा ग... चलन,

(घ) त्यसलाई टिकाउ र कलात्मक बनाउने क्रममा थाङ्काको जन्म भएको,

(ङ) तिब्बत र नेपालमा फैलिएको थाङ्का आज हिमाली बौद्धमार्गीको पहिचा... बनेको ।

**सातौंबाट -**

(क) थाङ्का कलाप्रेमीहरूका लागि उत्कृष्ट कलाकृति, बौद्धमार्गीहरूका ला... आस्थाको प्रतीक र शान्तिप्रेमीका लागि शान्तिको प्रतीक रहेको,

(ख) थाङ्का बौद्धमार्गीहरूका लागि लोकप्रिय भएकाले गुम्बा र घरमा सजाउने पूजा गरिएको,

(ग) लामा बौद्ध समुदायमा हरेक मृतकका नाममा थाङ्का राखिने गरेको,

(घ) अन्य समुदाय समेत लोकप्रिय बन्दै गएकोमा,

(ङ) थाङ्कालाई बुद्ध जन्मिएको चिनोका रूपमा पर्यटकहरूले समेत विदेश ला... गरेको ।

**आठौंबाट -**

(क) विश्वव्यापीकरणको वर्तमान युगमा नेपाल जस्तो विकासोन्मुख देशले मौलि... उत्पादनको प्रवर्धनमा ध्यान दिनुपर्ने,

(ख) मौलिक उत्पादनको प्रवर्धनबाट मुलुकको आर्थिक उन्नति सम्भव हुने,

pushpas.com.np

(ग) थाङ्का बुद्धसम्बन्धी कलाको उत्कृष्ट रूप भएकाले हिमाली क्षेत्रको मौलिक कलाका रूपमा चिनिएको,

(घ) बुद्ध र हिमाल दुवै नेपालका पहिचान बनेका,

(ङ) नेपाल विविधताले युक्त मुलुक भएकाले पर्यटकहरूका लागि रोजाइको केन्द्र बनेको ।

१२. **तलको अनुच्छेद पढी सारांश लेख्नुहोस् :**

*चलचित्र महत्त्वपूर्ण कला हो । यो विश्वको साझा भाषा हो । भाषा साझा भएका कारण जहाँसुकैका मान्छेहरू यसका दर्शक हुन सक्छन् । त्यसैले धेरैभन्दा धेरै मान्छेहरूका बिचमा आफ्ना अनुभव, भावना र विचारको सम्प्रेषण गर्न चलचित्र ज्यादै उपयोगी छ । शिक्षण सिकाइ क्रियाकलापदेखि लिएर विश्वभरिका अनेकका संस्कृतिको आदान प्रदानसम्ममा यसबाट फाइदा लिन सकिन्छ । भाषा, संस्कृति र परम्पराहरूको संरक्षणका लागि चलचित्र सबैभन्दा उपयुक्त र सजिलो माध्यम हुन सक्छ । त्यसरी नै संसारका ठुला उद्योगहरूमा चलचित्र उद्योगको पनि गणना हुन्छ । चलचित्र रोजगारीको राम्रो अवसर भएको उद्योग हो । एउटै चलचित्रमा पटककथा लेखक, सम्पादक, कलाकारहरू, प्राविधिकहरू, हल सञ्चालकहरू, मजदुरहरूसमेत गरी सयौँले रोजगार पाउँछन् । चलचित्रमार्फत देशका प्रकृति, संस्कृति, सम्पदा, इतिहास, गौरव आदिको प्रचारप्रसार हुन सके पर्यटकहरू बढ्छन् र यसले रोजगारका अरू अवसरहरू सिर्जना गर्छ । पर्यटकको आगमनसँगै विदेशी मुद्रा आर्जन हुन गई देशको अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्दछ । चलचित्रहरूको विकाससँगै मुलुकका प्रतिभाहरूको विकास हुन्छ । देशका सम्पदाहरूको संरक्षण र संवर्धनमा सहयोग पुग्छ । चलचित्रबाट प्राप्त हुने शिक्षा मनोरञ्जन र अभिप्रेरणाले मुलुकको चौतर्फी विकास हुन्छ । यसैले चलचित्र सामान्य मनोरञ्जनको विषय मात्र होइन, महत्त्वपूर्ण उद्योग पनि हो । यो प्रविधि हो, ज्ञानको भण्डार हो र कुनै पनि राष्ट्र, जाति र भाषाको गौरव पनि हो । संस्कृति कर्मीदेखि लिएर समाजशास्त्री, भाषाशास्त्री, मानवशास्त्री इतिहासकार, साहित्यकार, राजनीतिज्ञ वा अनेक विषयका वैज्ञानिकहरूका लागि चलचित्रले ठुलो सहयोग गर्छ ।*

**उत्तर:** **चलचित्रको उद्योगको महत्त्व**

चलचित्र एउटा महत्त्वपूर्ण कलाका साथै यो विश्वको साझा भाषा पनि हो । यसका माध्यमबाट धेरैभन्दा धेरै मान्छेहरूका बिचमा अनुभव, भावना र विचारको सम्प्रेषण गर्न सजिलो हुन्छ । शिक्षण सिकाइदेखि लिएर संस्कृति, परम्परा आदिको संरक्षण र संवर्धनमा समेत यो सहयोगी सिद्ध हुन्छ । यसमा पटकथा लेखक, सम्पादन र दर्शकहरूको सहभागिता हुने हुनाले यसलाई महत्त्वपूर्ण उद्योगका रूपमा लिन सकिन्छ । विदेशी मुद्रा आर्जन गर्न देशको विद्यमान सम्पदाको संरक्षण र प्रवर्धन गर्न तथा मुलुकको चौतर्फी विकासका लागि प्रेरणाको स्रोत बन्न सक्ने हुनाले सबै क्षेत्रका मानिसहरूका लागि यो क्षेत्र महत्त्वपूर्ण सहयोगी बनेको छ ।

## लेखाइ

१३. **तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**
**सौन्दर्य, बहुसांस्कृतिक, समृद्ध, व्यापक, मन कामना, अनिष्ट, योगदान, मौलिक, आस्था, प्रतीक, अप्राप्य, क्षति**

**उत्तर:**

**सौन्दर्य** - नेपालको जस्तो प्राकृतिक सौन्दर्य विश्वमै दुर्लभ छ ।

**बहुसांस्कृतिक** - नेपाल एक बहुसांस्कृतिक मुलुक हो ।

**समृद्ध** - नेपाल समृद्ध बन्छ भन्ने कुरामा कसैको दुई मत छैन ।

**व्यापक** - नेपालको कला तथा संस्कृतिका बारेमा व्यापक बहस हुन थालेको छ ।

**मनकामना** - मनकामना पुरा होस् भनी हामी ईश्वरको पूजा आराधना गर्छौं ।

puspas.com.np

**अनिष्ट** - परम्परावादीहरू परिवारमा अनिष्ट नहोस् भनी कुल पूजा गर्छन् ।

**योगदान** - चित्रकलाको विकासमा थुप्रै व्यक्तिहरूले योगदान दिइएका थिए ।

**मौलिक** - नेपालमा चित्रकलाको आफ्नै मौलिक परम्परा रहेको छ ।

**आस्था** - नेपालीहरूका आस्थाका केन्द्र मानिएका पशुपति नाथको दर्शन गर्न जो कोही लालायित हुन्छन् ।

**प्रतीक** - आस्थाका प्रतीक मानिएका मन्दिरहरूको संरक्षण गर्नु सबैको कर्तव्य हो ।

**अप्राप्य** - संसारमा आमाबाहेक अप्राप्य वस्तु केही छैन ।

**क्षति** - संसारमा हरेक वर्ष भूकम्पले ठुलो क्षति पुऱ्याउने गरेको छ ।

१४. **तलका प्रश्नको उत्तर लेख्नुहोस् :**

**(क) थाङ्काको सुरुआत र विकास के कसरी भएको हो ?**

**उत्तर:** थाङ्काको सुरुवात दसौं शताब्दीतिरबाट भएको मानिन्छ । त्यस बेला नेपाल र तिब्बतका बिचमा स्वतन्त्र रूपमा आवतजावत हुने गर्थ्यो र व्यापार गर्न कुनै कठिनाइ थिएन । दुवै देशले सोझै रूपमा व्यापार गर्थे । नेपालीहरू तिब्बतमा व्यापार व्यवसाय मात्र होइन, घर गृहस्थी गरेर समेत बस्ने गर्थे । त्यस बेला नेपाल तथा तिब्बतका बौद्धमार्गीहरूमा कपडामा लेखिएका देवी देवताको पूजा गर्ने चलन थियो । पहिले सामान्य कपडामा सामान्य रूपमा चित्र लेख्ने गरिन्थ्यो । पछि त्यसलाई टिकाउ र कलात्मक बनाउन थालियो । त्यही टिकाउ र व्यवस्थित बनाउने क्रममा थाङ्काको सुरुवात भयो । तिब्बत र चिनका नेपाली कलाकारहरूलाई झिकाएरै सिर्जना गर्न लागाइयो । नेपालमा मात्र होइन नेपाली कलाकारहरूले तिब्बत र चिनमा समेत थाङ्का तयार गर्न थाले । यसरी थाङ्काको विकास तिब्बत, चिन हुँदै भुटान सहित हिमाली क्षेत्रमा भएको पाइन्छ ।

**(ख) 'थाङ्का लेखनको सुरुआतदेखि नै नेपाली कलाकारहरूको संलग्नाता थियो' पुष्टि गर्नुहोस् ।**

**उत्तर:** थाङ्का नेपाली कलाको मौलिक पहिचान हो । यसको लेखनमा नेपालीहरूको प्रत्यक्ष संलग्नता रहँदै आएको पाइन्छ । दसौं शताब्दीतिर तिब्बत र नेपालका बिच आवतजावतमा र व्यापारमा कुनै रोकटोक थिएन । त्यसबेला बौद्धमार्गीहरूमा कपडामा लेखिएका देवी देवताको पूजा गर्ने चलन थियो । सामान्य कपडामा लेखिएका चित्रहरू टिकाउन नहुने हुनाले त्यसलाई व्यवस्थित गर्न थालियो । यस क्रममा नेपाली कलाकारहरूको पनि प्रत्यक्ष संलग्नता रहेको बुझिन्छ । त्यसबेला नेपाली कलाकारहरूलाई तिब्बत र चिनमा झिकाएरै कला सिर्जना गर्न लगाएको देखिनाले थाङ्काको लेखनमा नेपालीहरूको संलग्नता स्वतः पुष्टि हुन्छ । आज हिमाली क्षेत्रमा प्रमुख पहिचानको आधार बनेको थाङ्का नेपाल बाहेक धेरै ठाउँमा निकै लोकप्रिय बनेको छ । यसरी थाङ्काको लेखनमा नेपालीहरूको संलग्नता सुरुदेखि रहेको थियो भन्ने कुरा सजिलै पुष्टि गर्न सकिन्छ ।

puspas.com.np

**(ग) थाङ्का के-केको प्रतीक हो ?**

**उत्तर:** थाङ्का मूलत: आस्थाको प्रतीक हो । विशेषत: यो बौद्धधर्मसँग सम्बन्धित छ । बुद्धधर्ममा पञ्चबुद्ध, वज्रसत्त्व, अवलोकितेश्वर, मैत्रेयी, मञ्जुश्री वज्र वाणि, तारा आदि पर्दछन् । शाक्यमुनि बुद्धको जीवनीदेखि महापरिनिर्माणसम्म र मण्डलाका थाङ्काहरू बनाएर बुद्धधर्मप्रति आस्था प्रकट गर्ने प्रचलन व्यापक रहेको छ । आज थाङ्का बुद्धर्मावलम्बीहरूका बिच शान्ति, सद्भाव र एकताको प्रतीक बनेको छ भने नेपालका लागि व्यवसायको प्रतीक बन्दै गएको छ । यसबाट नेपाली कलाकारहरूको व्यवसाय एकातिर फस्टाइरहेको छ भने अर्कातिर बुद्धधर्म, दर्शन र विचारप्रति आस्था जगाउने माध्यम पनि बनेको छ ।

**(घ) थाङ्का बौद्धमार्गीहरूमा लोकप्रिय हुनाका कारणहरू के-के हुन् ?**

**उत्तर:** थाङ्का बौद्धमार्गीहरूमा लोकप्रिय हुनाका कारण थुप्रै छन् । एक त यो बुद्धप्रति आस्था जगाउने हिसाबले तयार गरिन्छ भने अर्कातिर बुद्धका रूप र विचारको अभिव्यक्ति गर्ने माध्यम समेत भएकाले यो लोकप्रिय बनेको पाइन्छ । थाङ्का बौद्धमार्गीहरूका लागि आस्था र शान्तिप्रेमीहरूका लागि शान्तिको प्रतीक बनेको छ । गुम्बाहरूमा र घर घरमा समेत थाङ्कालाई सजाइन्छ र आस्थापूर्वक पुजिन्छ । लामा बौद्ध समुदायमा त हरेक मृतकका नाममा एउटा थाङ्का अनिवार्य रूपमा चाहिन्छ । आफ्ना इष्ट देवताअनुसार अलग अलग थाङ्का चाहिन्छ र मृतकका नामको थाङ्का घरमा राखेर पूजा गरिन्छ वा गुम्बाहरूमा चढाइन्छ । यसरी धार्मिक क्रियाकलापमा आवश्यक पर्ने र यसको निर्माण तथा उपलब्धता समेत सहजै हुनु नै थाङ्का बौद्धमार्गीहरूमा लोकप्रिय हुनाका कारण हुन् ।

**(ङ) किन बौद्धमार्गीबाहेक अरूले समेत थाङ्कालाई मन पराउँछन् ?**

**उत्तर:** थाङ्का विशेषत: बौद्धमार्गीहरूमा धेरै नै लोकप्रिय भए पनि अरूले समेत मन पराउन थालेका छन् । एकातिर बुद्धधर्मकै हिन्दु धर्म उदार विचार र मान्यता हो भने त्यसले अँगाल्ने कुरालाई अरूले अनुसरण गर्नु कुनै नौलो कुरा होइन । त्यसैले बौद्धमार्गी बाहेक अरूले पनि यसलाई अँगाल्न थालेका छन् । अन्य धर्मालवम्बीहरूले आफ्नो आस्थालाई कलात्मक र व्यवस्थित रूपमा अभिव्यक्ति दिने माध्यमका रूपमा थाङ्कालाई अँगाल्न थालेको पाइन्छ । यसको सामग्री सहजै उपलब्ध हुने र व्यावसायिक रूपमा सञ्चालन गर्न सकिने भएकाले यो अन्य समुदायले समेत मन पराउँछन् ।

**१५. थाङ्काको प्रवर्धन गर्न सक्दा नेपाललाई के-कस्ता फाइदा हुन्छन्, विवेचना गर्नुहोस् ।**

**उत्तर::** थाङ्काको प्रवर्धन गर्न सके नेपाललाई धेरै फाइदा हुन सक्छन् । नेपालीहरूको मौलिक चित्रकलामा आधारित थाङ्काको प्रवर्धन गर्न सके यसले व्यावसायिक रूप लिन सक्ने देखिन्छ । आजको कोलाहलयुक्त विश्वमा शान्तिका अग्रदूत गौतम बुद्धका दर्शन र मान्यताहरूले सबैलाई आकर्षित गर्नु स्वाभाविक बन्न गएको छ । तिनै गौतम बुद्धका अनुयायीहरूले कलात्मक र व्यवस्थित रूपमा विकसित हुँदै आएको थाङ्कालाई धेरै मानिसहरूले व्यवसायका रूपमा अँगाल्दै आएका छन् । अर्को शब्दमा भन्दा आज धेरै नेपालीहरू थाङ्का व्यवसायमा आश्रित छन् ।

थाङ्काको निर्माण गर्न धेरै अर्थ र ठाउँको पनि आवश्यकता पर्दैन । सजिलै र सस्तो मूल्यमा तयार गर्न सकिने भएकाले यसप्रति धेरैको आकर्षण बढ्दै गएको छ । बुद्धमार्गीहरू मात्र होइन आजभोलि अरू जातिका

puspas.com.np

मानिसहरू पनि यसमा संलग्न हुन थालेका छन् । थाङ्का व्यवसायमा अपाङ्गता भएका व्यक्तिहरू समेत संलग्न हुन थालेका छन् । आज हजारौं मानिसहरूले यसलाई पूरक पेसा बनाएका छन् ।

आज पर्यटकहरूको पनि थाङ्काप्रति आकर्षण बढ्दो छ । नेपालमा मात्र होइन विदेशमा पनि अरबौं रुपियाँका थाङ्का बिक्री हुन्छन् । संसारमा थाङ्काका साथसाथै बुद्धसम्बन्धी मूर्तिहरूको पनि माग बढ्दै जान थालेको छ । कतिपय बौद्धमार्गीहरू थाङ्काका साथै बुद्धका मूर्तिहरू पनि साथसाथै लैजाने गर्छन् । नेपालमा बुद्धसम्बन्धी मूर्तिहरूको पनि उत्पादन हुने गरेको छ । बुद्ध र भृकुटीको जन्मथलो, कतिपय बुद्ध गुरुहरूको कर्म र ज्ञान थलोका रूपमा रहेको नेपाल संसारभरकै बौद्धमार्गीहरूको प्रमुख गन्तव्य भएकाले थाङ्का र बुद्धसम्बन्धी मूर्तिहरूको उत्पादन प्रवर्धन गर्नु आजको आवश्यकता हो । यसको विकास गर्न सके संसारभरको मागलाई पुरा गर्न सकिने छ र यसो गर्न सके नेपालका लागि वरदान साबित हुने कुरा पनि स्पष्ट छ ।

**१६. व्याख्या गर्नुहोस् :**

**(क) जहाँ विविधता हुन्छ, त्यहाँ अनेक सम्भावना पनि हुन्छ ।**

**उत्तर:** नेपाल भौगोलिक, जातीय, भाषिक, धार्मिक आदि दृष्टिले बहु आयामिक प्रकृतिको मुलुक हो । यही विविधताभित्र सौन्दर्यको रूप भेट्न सकिन्छ । विविधताले अनेक समस्या निम्त्याउने सम्भावना त हुन्छ नै त्यसभित्र अनेक राम्रा सम्भावनाहरू पनि त्यत्तिकै हुन्छन् भन्ने कुरालाई यहाँ प्रस्तुत गरिएको छ ।

भौगोलिक दृष्टिले नेपाल विविधतायुक्त देश हो । यो देश हिमाल, पहाड र तराई मिलेर बनेको छ । अथाह हिमाली सौन्दर्य र जलस्रोतको खानी मानिएको हिमालले संसारभरका मानिसहरूलाई आकर्षित गर्ने क्षमता राख्छ । त्यस्तै नेपालको पहाडी क्षेत्रमा जडीबुटी, खनिज पदार्थ, फलफुल र स्वस्थ पर्यावरण रहेको छ । यस क्षेत्रले पनि नेपालको विकासमा प्रशस्त योगदान दिन सक्छ । त्यसैगरी तराई अन्नको भण्डार मानिन्छ । यतिमात्र होइन नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक बहुसांस्कृतिक देश हो । नेपालको पहिचान सगरमाथाको देश, गौतम बुद्धको देश, वीर वीरङ्गानाहरूको देश जस्तै विविधतामा एकता भएको देश हो । यस्ता विविधताले युक्त देश नेपालको विकासमा प्रशस्त सम्भावनाहरू रहेका छन् । अथाह जलस्रोतबाट बिजुली निकाल्न सकिन्छ भने पहाडी क्षेत्रबाट खनिज तथा उद्योग धन्दाका लागि कच्चा पदार्थ उत्पादन गर्न सकिने सम्भावना छ । हिमाल र पहाडी क्षेत्रलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सके अनि तराईलाई औद्योगिक क्षेत्रमा परिणत गरे देशको मुहार फेरिन बेर लाग्दैन ।

अनेक जातजाति, धर्म, संस्कृतिले युक्त नेपालप्रति विश्वको ध्यान आकर्षित गर्ने विश्वको सर्वोच्च शिखर सगरमाथा, शान्तिका अग्रदूत गौतम बुद्ध र वीर वीरङ्गानाहरूको जन्मस्थलका रूपमा विश्व परिचित नेपाल विविधतायुक्त देश भए पनि त्यत्तिकै सम्भावना बोकेको मुलुक हो र यसको विकासमा यिनै विविधतायुक्त तत्त्वहरूले महत्त्वपूर्ण भूमिका खेल्न सक्ने सम्भावना रहेको छ भन्न सकिन्छ ।

puspas.com.np

(ख) **बुद्ध र हिमाल दुवै नेपालका पहिचान हुन् ।**

**उत्तर:** नेपालका लागि बुद्ध र हिमाल गौरवका विषय हुन् । विश्वमा नेपाललाई कि त बुद्धको देश भनेर चिनिन्छ कि त हिमालको देश भनेर । त्यसैले नेपालका लागि बुद्ध र हिमालको महत्त्व एवम् गरिमा विशिष्ट किसिमको रहेको छ । यी दुई कुराको महत्त्व बुझेर अघि बढ्न सके नेपालको सुदूर भविष्य निकै आशालाग्दो हुने कुरामा विश्वास गर्न सकिन्छ ।

गौतम बुद्ध नेपाल धर्तीमा जन्मेर विश्वमा शान्ति फैलाउने प्रमुख व्यक्तित्व हुन् । उनको दर्शन, विचार वा मान्यताले आजको संसारलाई सजिलै आकर्षित गर्न सक्छ र गरेको पनि छ । उनका विचार र मान्यताहरूलाई संसारभर फैलाउन थाङ्का जस्ता चित्रहरूले पनि सहयोग पुऱ्याएका छन् । उनी संसारभरका शान्तिप्रेमी मानिसहरूका लागि प्रेरणाका स्रोत र पथप्रदर्शक हुन् । त्यस्तै नेपाल हिमाली मुलुक हो । यहाँ संसारकै सर्वोच्च शिखर सगरमाथाका अतिरिक्त थुप्रै अग्ला हिमालहरू रहेका छन् । सौन्दर्यका खानी र जलस्रोतका मुहानका रूपमा रहेका हिमालले पनि संसारभरका सौन्दर्यप्रेमीहरूलाई आकर्षित गरेको पाइन्छ ।

नेपाल र नेपालीहरूका लागि गौरवका विषय बनेका बुद्ध र हिमालले नेपालको पहिचान गराउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । अत: देशको गरिमा बढाउन बुद्ध र हिमालको महत्त्वलाई ख्याल गरी अघि बढ्नु आवश्यक छ । यिनै विषयले नेपालको गरिमा बढ्छ र नेपालीहरूको शिर पनि उच्च बनिरहन्छ ।

१७. **तलको तालिकामा उच्चारण र लेखाइ दुवैमा 'ब' प्रयोग हुने शब्दहरूका केही उदाहरण दिइएको छ । त्यही समूहका थप शब्दहरू खोजेर लेख्नुहोस् :**

**उत्तर:**

| समूह | उदाहरण | अरू शब्द |
|---|---|---|
| (क) | म पछि आउने ब, जस्तै : खम्बा, अम्बा | अम्बक, अम्बर, एम्बुस, अम्बलवाज, कम्बल, किम्बु, चम्बु, खम्बु |
| (ख) | क्रिया शब्दमा आउने ब, जस्तै : बटार्नु, बेर्नु, | बजाउनु, बच्नु, बज्नु, बज्रनु, बजार्नु, बजाउनु, बटुलिनु, बटारिनु, बढार्नु, बढारिनु |
| (ग) | अङ्कमा आउने ब, जस्तै : बाइस, बहत्तर | बार, बिस, छब्बिस बयालिस बाउन्न, बयासी, उनानब्बे, नब्बे, एकानब्बे बयानब्बे, त्रियानब्बे । |

१८. **पाठबाट उच्चारण र लेखाइ दुवैमा 'ब' प्रयोग हुने शब्दहरू टिपेर सूचीकृत गर्नुहोस् ।**

**उत्तर:** बहाना, बहाल, बहाव, बहस, बहिष्कार, बहादुर, बहिरङ्ग, बहिनी, बहालवाला, बहुत, बहुआयमिक, बहुला

१९. **पाठबाट 'ब' उच्चारण भए पनि 'व' लेखिने शब्दहरू खोजेर उत्तरपुस्तिकामा लेख्नुहोस्**

**उत्तर:** पर्यावरण, वीर वीराङ्गाना, विविधता, सम्भावना, विषय, विशेषत: देवी देवता, वज्रसत्त्व, अवलोकितेश्वर, वज्रपाणि, जीवनी, प्रविधि, भैरव, जीवजन्तु, विश्वास, सर्वप्रथम, वस्तु, व्यापारिक, अनिवार्य, विश्वव्यापीकरण, प्रवर्धन, सम्भव, दुवै, सर्वोच्च, विदेशी, वैदेशिक, वरदान

puspas.com.np

## व्याकरण

१. **तलको अनुच्छेदमा प्रयोग भएका नाम शब्दलाई रेखाङ्कन गर्नुहोस् :**

सुन, चाँदी, हिरा, मोती जस्ता बहुमूल्य धातु र रत्नहरूका गहना बनाएर लगाउने चलन विश्वव्यापी देखिन्छ । गहना विशेषतः महिलाहरूका निमित्त सौन्दर्य, सौभाग्य, इज्जत र सानका रूपमा रहेको पाइन्छ । त्यसो त पुरुषहरूले पनि औंठी, सिक्री जस्ता गहना लगाउँछन् । रोग निको हुने भूतप्रेत, मसान आदिले आक्रमण गर्न नसक्ने जस्ता विश्वासमा पनि गहना लगाउने गरिएको छ । सुनको औंठीलाई प्रेमको प्रतीकका रूपमा दिने लिने र लगाउने चलन प्रायः संसारभरि प्रचलित छ । गहना बहुमूल्य सम्पत्तिलाई सुरक्षित गर्ने एउटा उपाय पनि हो अनि सांस्कृतिक पहिचान पनि । त्यसैले सम्पत्तिको संरक्षण अनि संस्कृति र पहिचानका लागि गहना लगाउने विषयलाई नकार्न सकिँदैन । गहनाका माध्यमबाट धनको तुजुक देखाउने, आडम्बर प्रदर्शन गर्ने अनि रिन काढेर गहना किन्ने काम भने राम्रो होइन । गहनालाई खानदान, कुल घरान, इज्जत, प्रतिष्ठाको विषय बनाएर समाजमा हैकम, रबाफ देखाउन खोज्ने प्रवृत्ति चाहिँ मुर्ख्याइँमात्र हो ।

**उत्तर:** प्रश्नमै रेखाङ्कित गरिएको छ ।

२. **रेखाङ्कित शब्दहरूबाट सर्वनाम, विशेषण र क्रियापद छुट्याउनुहोस् :**

कान्छा काकाका छोरा आशुतोष साना छन् । उनी चकचके छन् । जेठी दिदीकी छोरी अरुणा सात वर्षकी छिन् । माइला काकाकी छोरी स्वस्तिका अलिक ठुली छिन् । उनी पनि चञ्चल छिन् । चाडपर्व, भोज भतेर र पारिवारिक जमघटमा भेट हुनासाथ उनीहरू तीनै जना 'अग्रिमा दिदी' भन्दै मसँग झुन्डिन आइपुग्छन् । यिनीहरू मलाई औधी मन पराउँछन् । म पनि उनीहरूलाई धेरै माया गर्छु । म उनीहरूलाई राम्रो पढ्ने आफ्नो काम आफैँ गर्ने, ठुला मान्छेलाई आदर र साना भाइ बहिनीलाई माया गर्ने सल्लाह दिन्छु । उनीहरू मेरा कुरा सुन्छन् र 'हओस्' भन्छन् ।

**उत्तर:**

| सर्वनाम | विशेषण | क्रियापद |
|---|---|---|
| उनीहरू, यिनीहरू, म, उनीहरू, म, उनीहरू, उनीहरू | कान्छा, साना, जेठी, सात, पारिवारिक, तीनै, औधी, धेरै, राम्रो, आफ्नो, ठुला, साना, मेरा | छन्, आइपुग्छन्, पराउँछन्, गर्छु, सुन्छन्, भन्छन् । |

३. तलको अनुच्छेदबाट नाम, सर्वनाम, विशेषण र क्रियापद छुट्याउनुहोस् :

संसारको सर्वोच्च शिखरको नाम सगरमाथा हो । यो सोलुखुम्बु जिल्लामा पर्छ । यसको उचाइ ८८४८ मिटर छ । संसारको सबैभन्दा अग्लो शिखर भएकैले संसारभरका साहसी मानिसहरू सगरमाथाको शिखर चुम्न चाहन्छन् । सगरमाथाको आरोहण मानिसहरूका लागि इज्जत, प्रतिष्ठा, गौरव र आत्म सन्तुष्टिको विषय बन्छ । त्यसैले बर्सेनि सयौँ मानिसहरू सगरमाथा आरोहणका लागि जान्छन् । तेन्जिङ नोर्गे र एडमन्ड हिलारी पहिलो सगरमाथा आरोही हुन् । उनीहरूले वि.सं. २०१० (सन् १९५३) मा सगरमाथाको चुचुरोमा पुगी कीर्तिमान कायम गरे । यसपछि थुप्रै मानिसहरू सगरमाथाको शिखरमा पुगेका छन् । जापाकी जुन्को ताबेई पहिलो महिला सगरमाथा आरोही हुन् । उनी संसारका साहसी महिलाकी प्रतीक हुन् । पासाङ ल्हामु शेर्पा शिखर चुम्ने पहिलो नेपाली महिला हुन् । विभिन्न क्षेत्र, वर्ग, समुदाय, पेसा, उमेर समूह आदिका मानिसहरूले सगरमाथा आरोहणको किर्तिमान राखेका छन् । त्यस्ता कीर्तिमानहरूमा नेपालको उल्लेख्य स्थान रहेको छ । हालसम्म (२०७२) सबैभन्दा धेरै पटक सगरमाथाको सफल आरोहण गर्ने विश्व रेकर्ड राख्ने साहसी आरोही नेपालकै आप्पा शेर्पा हुन् ।

puspas.com.np

उत्तर:

| नाम | सर्वनाम | विशेषण | क्रियापद |
|---|---|---|---|
| संसार, शिखर, सगरमाथा, उचाइ, मानिस, इज्जत, प्रतिष्ठा, गौरव, आत्मसन्तुष्टि, मानिस, तेन्जिङ नोर्गे, एडमन्ड हिलारी, चुचुरो, जापान, जुन्को ताइबेई, महिला, पासाङ ल्हामु शेर्पा, क्षेत्र, वर्ग, समुदाय, पेसा, उमेर, लाप्पा शेर्पा | यो, यस, उनीहरू, उनी, त्यस्ता, | सर्वोच्च, अग्लो, आरोही, साहसी, सयौँ, पहिलो, कीतिमार्न, थुप्रै, पहिलो, साहसी, नेपाली, विभिन्न, | हो, पर्छ, छ, चाहन्छ, बन्छ, चान्छन् हुन, गरे, छन्, हुन् |

४. **पाठको दोस्रो अनुच्छेदमा प्रयोग भएका नाम, सर्वनाम, विशेषण र क्रिया शब्दहरू टिपेर अलग अलग तालिकामा देखाउनुहोस् ।**

उत्तर:

| नाम | सर्वनाम | विशेषक | क्रियापद |
|---|---|---|---|
| थाङ्का, कपडा, कागज, चित्र, पौभा, धर्म, देवी, देवता, पञ्चबुद्ध, वज्रसत्त्व, वलोकितेश्वर मैत्रेयी, मञ्जुश्री, वज्रपाणि, तारा, शाक्य मुनि, बुद्ध, जीवनी, कृष्ण, भैरव, नदी, रुख, लहरा, पहाड, जीवजन्तु, चित्र, बुद्ध दर्शन, ध्यान, समुदाय, घर, मन कामना, भूतप्रेत, रोग, अनिष्ट, आस्था, ज्ञान, व्यवसाय | यस, त्यसो, यस | पवित्र, बौद्ध, अनेक, पहिले, धार्मिक, अहिले, महत्त्वपूर्ण | बुझिन्छ, हुन्छन्, बनाइन्छ, पर्छन्, छन्, पाइन्छ, हो, लिइन्छ, गरिन्छ, लिइन्थ्यो, लिइन्छ |

## सिर्जनात्मक अभ्यास — पेज ३६

**तलका विषयमा निबन्ध लेख्नका लागि आवश्यक बुँदाहरू के-के हुन सक्छन् ? कक्षामा छलफल गरी निष्कर्ष निकाल्नुहोस् र बुँदाहरूका आधारमा निबन्ध लेख्नुहोस् :**

(क) **सूचना प्रविधि**

**बुँदाहरू**

- हरेक कुरालाई जानकारी गराउने कामलाई सूचना र त्यसलाई प्रवाहित गर्ने कुरालाई वा तरिकालाई प्रविधि भनिने गरेको,
- सूचना प्रविधिको विकास नब्बेको दशकमा आएपछि व्यापक बन्दै गएको,
- सूचना प्रविधिको विकासले सामाजिक सञ्जालदेखि हरेक काममा सहज भएको,
- आज सूचना प्रविधिबाट संसार साँघुरो घेरामा बाँधिएको,
- तथ्याङ्क सूचना चुनौती बन्दै गएको भए पनि मानव सभ्यतामा वरदान साबित भएको ।

puspas.com.np

## सूचना प्रविधि

हरेक घटना वा विषयलाई एक ठाउँबाट अर्को ठाउँमा पठाउने वा जानकारी गराउने कार्यलाई सूचना भनिन्छ । त्यस्तो जानकारी गराउने तरिकालाई प्रविधि भनिन्छ । आज सूचना प्रविधिको अत्यधिक विकास भएको छ । यसले संसार एउटै गाउँका रूपमा परिणत भएको छ भने मानव जीवन सहज र सरल बन्दै गएको छ ।

पहिले मानव जीवन सूचना प्रविधिका अभावमा निकै नै कष्टकर थियो । खास गरी रेडियो, टेलिफोन, मोबाइल आदिको विकास र विस्तारसँगै मानव जीवन सहज बन्दै गयो । नब्बेको दशकमा आइपुग्दा कम्प्युटर सञ्जालले विभिन्न ठाउँबाट हुने काम एकै स्थानबाट गर्न सकिने अवस्था सिर्जना भएको छ । कार्यालयको एक कुनाबाट अर्को कुनामा मात्र नभई एक देशको शाखाबाट अर्को देशको शाखासित कारोबार समेत गर्न सकिन्छ । यसले शिक्षा, स्वास्थ्य लगायत व्यापारिक क्षेत्रको उत्पादकत्व बढाउन पनि सहयोग पुऱ्याएको छ । यस्तै कर्मचारीहरूबिच हुने सञ्चारको प्रकृतिमा पनि तीव्र गतिले परिवर्तन भएको छ । दोस्रो वा तेस्रो व्यक्तिको सहयोगबिनै हुने सञ्चारले कार्यस्थलमा कर्मचारीहरूबिचको आपसी सम्बन्धलाई थप बलियो बनाएको छ । विशेष गरी सामाजिक सञ्जालसँग सम्बन्धित साइटहरूको प्रयोगले पनि कर्मचारीहरूको आपसी सम्बन्धलाई नयाँ ढङ्गले अघि बढाइरहेको अनुभव हुन्छ ।

आज सूचना प्रविधिले कर्मचारीहरूमा सामूहिकताको भाव पैदा गर्न सहयोग गरिरहेको छ । त्यस्तै उनीहरूले एकअर्कासँग सजिलैसित अर्न्तक्रिया गर्न समेत पाइरहेका छन् । यसबाट विशेष गरी विश्वका ठुला कर्पोरेसनहरूले आफ्नो कार्यस्थलको काम थप सिर्जनात्मक बनाउन विभिन्न रणनीति अख्तियार गरिरहेका छन् । व्यापारिक सफलताका लागि कार्यस्थलको संस्कृति पनि परिवर्तन हुनुपर्नेमा अब धेरैको दुईमत छैन । वर्तमान प्रतिस्पर्धात्मक युगमा कम्प्युटर प्रविधिको अत्यधिक प्रयोग नगरी टिक्नै नसकिने अवस्था रहेको कम्पनीहरूले राम्रैसँग बुझेका छन् । कतिपय अवस्थामा त कार्यालय नगई नै सुरक्षित सञ्जालबाट कर्मचारीहरूले आफ्ना काम गरिरहेको समेत देख्न सकिन्छ ।

प्रविधिको विकाससँगै सूचना प्रविधिका क्षेत्रमा केही चुनौतीहरू पनि थपिँदै गएका छन् । खास गरी एक दशकयता तथ्याङ्क सुरक्षा एउटा प्रमुख चुनौती बनेको छ । इन्टरनेटको विकासका सम्भावनाका थुप्रै पक्षहरू उद्घाटित भए पनि पछिल्लो एक दशकमा हवात्तै बढेको 'ह्याकिङ' वा डाटा चोरीले कार्यस्थलहरू आक्रान्त बनिरहेका छन् । सर्भरहरूमा राखिएका कार्यालयीय तथ्याङ्कहरू नेटवर्कमा अवाञ्छित तवरले हुने घुसपैठबाट चोरी हुने खतराहरू पनि उत्तिकै बढेका छन् । केही वर्षयता पश्चिमी देशका ठुला कम्पनी र वित्तीय संस्थाका अतिगोप्य तथ्याङ्कहरू चोरी भएर उच्च आर्थिक क्षति बेहोर्नुपरेका उदाहरण प्रशस्तै छन् । तिनमा कर्मचारी तथा उपभोक्ता/ग्राहकका तथ्याङ्कहरू धेरै चोरी भएका पाइएका छन् । तर अहिलेसम्म कम्प्युटर सुरक्षामा 'ह्याकिङ प्रुफ' नेटवर्क भने बनाउन सकिएको छैन । यद्यपि यस समस्याको समाधान गर्ने कम्पनीहरूको नेटवर्कलाई सुरक्षित बनाउने प्रयत्नहरू पनि भइरहेका छन् ।

आज सूचना प्रविधिले मानिसको जीवनलाई सजिलो बनाउँदै लगेको छ । सबैभन्दा प्रमुख कुरा यसले समय र भौतिक दूरीलाई मेटाउँदै छ । शिक्षा, सिप, ज्ञान र सूचना प्राप्त गर्न र प्रेषण गर्न अति सजिलो भएको छ । विश्वभरि फैलिएको ज्ञानको भण्डारका रूपमा रहेका पुस्तक, पत्रिका आदिलाई निमेषभरमै टेबुलमाथि ल्याउन, हेर्न, छाप्न र सुन्न सम्भव भएको छ । यातायातमा हुने समय र खर्चलाई घटाएको छ । एक जना व्यक्तिको विचार वा सन्देश क्षणभरमै विश्वभरि फैलाउन सकिने भएको छ । यो सूचना प्रविधिकै देन हो । यसको उचित प्रयोग गर्दै जानु बुद्धिमत्तापूर्ण कार्य हुनेछ ।

puspas.com.np

(ख) **वैदेशिक रोजगार**

विदेशमा गएर रोजगार गर्ने कार्यलाई वैदेशिक रोजगार भनिन्छ । नेपाल एउटा भूपरिवेष्टित मुलुक हो । उत्तरतर्फ चिन र दक्षिणतर्फ भारतजस्ता विशाल देशहरूका बिचमा अवस्थित नेपाल एक विकासोन्मुख देश हो । लामो समयसम्म निरङ्कुतन्त्र बेहोर्दै आएको नेपालले आशातीत विकास गर्न नसक्दा विशेषत: युवावर्ग काम र मामको खोजीमा विदेश जाने परम्परा निकै लामो समय भएको छ । राणाकाल, पञ्चायत काल र प्रजातन्त्र कालमा मात्र होइन देशमा लोकतान्त्रिक व्यवस्थाको सुरुवात भइसकेको अवस्थामा समेत रोजगारका लागि दिनहुँ विदेश जाने क्रम बढ्दो स्थितिमा छ ।

नेपालमा रोजगार सिर्जना गर्ने काम अत्यन्तै न्यून रहेको कुरा कसैबाट छिपेको छैन । यस्तै सामाजिक, आर्थिक, राजनीतिक परिवेशगत तथा व्यक्तिगत आकाङ्क्षा एवम् आर्थिक अवस्थाको कारणले युवाहरूको रोजगारीको खोजीको झिनो निकास भने भारतबाहिरका वैदेशिक रोजगारीले दिएको छ । वैदेशिक रोजगार विभागको तथ्याङ्क अनुसार विगत ५ वर्ष (२०६८/६९-२०७२-२०७३) मा मात्रै बिस लाखको हाराहारीमा नेपाली नागरिक रोजगारीका लागि विदेश गएका छन् र यीमध्ये अधिकांश युवा नै रहेका छन् । विभिन्न अनुसन्धानहरूले रोजगारीमा जानेहरूमा ८०% भन्दा बढी २०-२५ वर्ष उमेर समूहका रहेको कुरा देखाएका छन् ।

आज नेपालबाट विशेषत: खाडी मुलुकहरू युवाहरू अत्यधिक मात्रामा रोजगारका निम्ति गएको देखिन्छ । विदेश गएका युवाहरूले पठाएको पैसाकै भरमा मुलुकको आर्थिक अवस्था धानिएको छ । विदेशमा गएका युवाहरू कहिलेकाहीँ दुर्घटनामा परी ज्यान गुमाउने गरेका घटनाले परिवारमा पीडा थपिदिने काम गर्छ । विदेशमा गएर पैसा कमाउने श्रीमान्को पैसामा मोजमस्ती गर्दा परिवारमा सम्बन्ध विच्छेदका घटनाहरू पनि बढ्दै आएका छन् ।

स्वरोजगारमूलक शिक्षा तथा रोजगारका अवसरहरूको सिर्जना गर्न सके नेपाली युवाहरूले विदेशमा गएर रगत पसिना बगाइरहनु पर्ने थिएन । यसका लागि सम्बन्धित निकायले बेलैमा सोच्नु र तदनुरूपकै कार्ययोजना बनाएर अघि बढ्नु आवश्यक छ ।

**नोट : बुँदा विद्यार्थीले तयार पार्ने ।**

(ग) **माछा पालन**

नेपाल एउटा कृषि प्रधान मुलुक हो । त्यसैले यहाँ अनेक प्रकारका कृषिसम्बन्धी व्यवसायहरू गरिँदै आएका छन् । त्यस्ता कृषि व्यवसायमध्ये माछा पालन पनि एक महत्त्वपूर्ण व्यवसायका रूपमा विकसित हुँदै आएको छ । विभिन्न प्रकारका उन्नत जातका माछाहरूको उचित पालन पोषणसम्बन्धी ज्ञान तथा सिप हासिल गरी व्यवस्थित रूपमा माछा पाल्ने कामलाई माछा पालन भन्न सकिन्छ ।

माछा पालनका लागि प्राविधिक ज्ञानका साथै उचित वातावरणको पनि आवश्यकता पर्दछ । राम्रो हावापानी, जलस्रोतको उचित व्यवस्था, मलिलो माटो भएको उपयुक्त जग्गाको छनोट गरी आधुनिक तरिकाले पोखरीको निर्माण गरेर उन्नत जातका माछाहरू पाल्न सकेमा माछा पालन व्यवसाय सफल हुन सक्छ र यसबाट प्रशस्त फाइदा लिन पनि सकिन्छ । माछामा मानिसको शरीरलाई अत्यावश्यक पर्ने प्रोटिन पाइने भएकाले थोरै खर्च एवम् जग्गामा धेरै आम्दानी हुने हुँदा आज माछा पालन व्यवसाय लोकप्रिय बन्दै गइरहेको छ ।

नेपाल एउटा कृषि प्रधान देश भएकाले यहाँको अर्थतन्त्र पनि कृषिमै आधारित छ। माछा पालन व्यवसाय पनि कृषिसँग सम्बन्धित एउटा अभिन्न अङ्ग हो। नेपालको अथाह एवम् अपार जल सम्पदाको सदुपयोग गर्न माछा पालन व्यवसायमा बढी जोड दिनु पर्ने देखिन्छ। यसबाट आवश्यक मात्रामा प्रोटिन तत्त्व प्राप्त हुनुका साथै देशका धेरैजसो गरिब किसानहरूको जीवनस्तर उठाउन सहयोग पुग्दछ। जुनसुकै जातजातिलाई पनि माछा खान धार्मिक, सामाजिक दृष्टिकोणबाट प्रतिबन्ध नभएकाले यो व्यवसाय सबैको लागि लोकप्रिय बन्दै गएको छ।

कृषिका विभिन्न निकायसँग समन्वयात्मक रूपमा सम्बन्ध कायम गरी माछा पालन व्यवसाय गर्दा प्रतिएकाइ क्षेत्रफलमा धेरै आर्थिक लाभ हुने हुनाले यस व्यवसायको महत्त्व बढी रहेको छ। साना किसानको गरिबी हटाउन पनि यस व्यवसायले निकै महत्त्वपूर्ण भूमिका खेलिरहेको छ। नेपालमा माछा पालन व्यवसायको सम्भावना प्रशस्त रहेकाले सम्बन्धित निकायले यसको प्रवर्धनमा ध्यान दिन सके व्यक्तिको मात्र नभएर देशको आर्थिक वृद्धिमा टेवा पुग्ने कुरामा दुई मत हुन सक्दैन।

**नोटः बुँदा विद्यार्थीले तयार पार्ने।**

❑❑❑

puspas.com.np

puspas.com.np

# THE END

If you liked this note, then please do share it with your friends and please subscribe to our **YouTube Channel**. Also, like and follow us on our **Facebook Page**.

## Class 10 Notes Collection

Now, it is easier to find notes of all chapters for Nepali subjects. Just click on the following button and you will get complete lists of chapters with links to notes. 😊

**Nepali**

Please email us at pdf-feedback@puspas.com.np if you have any suggestions or feedback.